**नेपाल सरकार**

# राष्ट्रिय परीक्षा बोर्ड

**परीक्षा नियन्त्रण कार्यालय (कक्षा ११ र १२)**

**सानोठिमी भक्तपुर**

## पूर्वावश्यक पाठ्यक्रम (Pre-requisite Course) को परीक्षा सञ्चालन सम्बन्धी सूचना

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् वा सोद्वारा मान्यता प्राप्त संस्थाबाट स्वास्थ्य विज्ञान विषयमा ३ वर्षे प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरी पूर्वावश्यक पाठ्यक्रम अध्ययन गरेका विद्यार्थीहरूको २०८२ सालको वार्षिक परीक्षा सञ्चालन सम्बन्धमा पूर्व प्रकाशित वार्षिक कार्यतालिका अनुसार रजिस्ट्रेसन/परीक्षा आवेदन फाराम भर्ने भराउने तथा परीक्षाको समयतालिका तपसिल अनुसार हुने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

**१. रजिस्ट्रेसन आवेदन फाराम**

परीक्षामा सहभागी हुन चाहने परीक्षार्थीले विद्यालयमार्फत मिति २०८२/०५/१३ गतेभित्र रजिस्ट्रेसन वापतको शुल्क प्रति विद्यार्थी रु. ४००।- (विलम्ब शुल्करहित) र सो समयावधिभित्र छुट भएका विद्यार्थीहरूले मिति २०८२/०५/१७ गतेभित्र प्रति विद्यार्थी रु. ८०० (विलम्ब शुल्कसहित) बोर्डको खातामा रकम दाखिला गरी सोही दिन कार्यालय समयभित्र बोर्डको सम्बन्धित कार्यालयमा फाराम बुझाई सक्नुपर्नेछ ।

**२. परीक्षा आवेदन फाराम**

परीक्षामा सहभागी हुन चाहने परीक्षार्थीले विद्यालयमार्फत मिति २०८२/०५/२० गतेभित्र परीक्षा आवेदन फाराम वापतको शुल्क प्रति विद्यार्थी रु. ८००।- (विलम्ब शुल्करहित) र सो समयावधिभित्र फाराम भर्न छुट भएका विद्यार्थीहरूले मिति २०८२/०५/२४ गतेभित्र प्रति विद्यार्थी रु. १,६०० (विलम्ब शुल्कसहित) बोर्डको खातामा रकम दाखिला गरी सोही दिन कार्यालय समयभित्र बोर्डको सम्बन्धित कार्यालयमा फाराम बुझाई सक्नुपर्नेछ ।

**३. परीक्षाको समयतालिका**

**परीक्षा समयः बिहान ७ :३० बजेदेखि ९:३० बजेसम्म ।**

| मिति | विषय |
|---|---|
| २०८२/०५/३० सोमबार | English (**501**) |
| २०८२/०५/३१ मंगलबार | Physics (**503**) |
| २०८२/०६/०१ बुधबार | Chemistry (**504**) |
| २०८२/०६/०२ विहीबार | Biology (**505**) |
| २०८२/०६/०३ शुक्रबार | Nepali (**502**) |
| २०८२/०६/०४ शनिबार | Mathematics (**506**) |

**४. प्रयोगात्मक परीक्षा सञ्चालन**

- सम्बन्धित विद्यालयले मिति २०८२/०५/२४ गतेभित्र प्रयोगात्मक परीक्षा सञ्चालन गरी बोर्डका सम्बन्धित कार्यालयहरूमा प्राप्ताङ्क उपलब्ध गराउनुपर्ने छ ।

**नोट :** ***परीक्षा केन्द्र सम्बन्धी सूचना पछि प्रकाशित गरिनेछ ।***

**-परीक्षा नियन्त्रक**